बागमती प्रदेश

प्रशासन सेवा, सामान्य प्रशासन/लेखा/आ.ले.प. समूह, पाँचौ तह, सहायक पाँचौ/सो सरह पदको

खुला प्रतियोगितात्मक लिखित परीक्षा

परीक्षा मिति: २०८३/०३/२० **पत्र:** द्वितीय

पूर्णाङ्क: १०० **विषय:** नेपालको समसामयिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन

समय: २ घण्टा ३० मिनेट

निम्न प्रश्नहरूको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नु पर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

खण्ड-क (अङ्क-५०)

1. नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह बिचको राज्यशक्तिको बाँडफाँट र अन्तरसम्बन्धका बारेमा के कस्तो व्यवस्था गरेको छ? खुलस्त पार्नुहोस्। **[१०]**
2. नेपालको सन्दर्भमा वैदेशिक रोजगारीका सकारात्मक योगदानको चर्चा गर्दै देशमा उपलब्ध जनशक्तिलाई मुलुक भित्रै टिकाइ राख्न र विदेशिएका जनशक्तिलाई स्वदेश फर्काउन सरकारले के कस्ता कदमहरू चाल्नु पर्ला? सुझाव दिनुहोस्। **[४+६]**
3. दाइजो, बालविवाह, छाउपडी तथा छुवाछुत जस्ता सामाजिक विकृतिहरूको कारण र समाधानका कार्यान्वयनयोग्य उपायहरू प्रस्तुत गर्नुहोस्। **[५+५]**
4. दिगो विकासका लक्ष्यहरू के के हुन्? ती लक्ष्यहरू हासिल गर्न आगामी दिनमा नेपालले चाल्नुपर्ने कदमका सम्बन्धमा बुँदागत रूपमा सुझाव पेस गर्नुहोस्। **[६+४]**
5. "सार्वजनिक क्षेत्रमा कार्यसम्पादन र सेवा प्रवाहलाई छिटो, छरितो र पारदर्शी बनाउन सूचना प्रविधिको भूमिका महत्वपूर्ण रहन्छ।" यस भनाइको सन्दर्भमा सार्वजनिक क्षेत्रमा सूचना प्रविधिको विकास र उपयोगको वर्तमान अवस्था उल्लेख गर्दै यसका मुख्य चुनौतीहरू र सुधारका उपायहरू प्रस्ट पार्नुहोस्। **[२+४+४]**

खण्ड-ख (अङ्क-५०)

6. नेपालमा भ्रष्टाचार नियन्त्रणका लागि हालसम्म गरिएका प्रयासहरूको बारेमा सङ्क्षिप्त चर्चा गर्दै भ्रष्टाचार न्यूनीकरण गरी सुशासन कायम गर्न चाल्नुपर्ने थप कदमहरू के के हुन सक्छन्? उल्लेख गर्नुहोस्। **[५+५]**
7. योगदानमा आधारित निवृत्तभरण र उपदान सम्बन्धी विद्यमान व्यवस्थाको बारेमा चर्चा गर्दै यस क्षेत्रमा गरिनुपर्ने सुधारका लागि सुझाव प्रस्तुत गर्नुहोस्। **[५+५]**
8. प्रदेश लोक सेवा आयोगको काम, कर्तव्य र अधिकारका बारेमा उल्लेख गर्दै त्यसमा गरिनुपर्ने सुधारका लागि मौलिक सुझाव प्रस्तुत गर्नुहोस्। **[६+४]**
9. विपद् व्यवस्थापनको अवधारणाका सम्बन्धमा प्रकाश पार्दै, विपद् व्यवस्थापनका विभिन्न चरणहरूमा प्रदेश सरकार र स्थानीय तहको भूमिका कस्तो हुन्छ? चर्चा गर्नुहोस्। **[२+८]**

MIRAS ACADEMY
LEARN · GROW · SUCCEED
CONTACT 9851335414 / 15
LOCATION CTC Mall 9th Floor , Sundhara Kathmandu
Loksewa Preparation || For Free Consultation Contact : 9851335414/9851335415 (Viber/Whatsapp/Call)

10. सूचनाको हकको सैद्धान्तिक अवधारणाका बारेमा प्रकाश पार्दै बागमती प्रदेशको प्रदेश सूचनाको हक सम्बन्धी ऐन, २०७६ मा के कस्ता सूचनाहरू प्रवाह गर्नु नपर्ने व्यवस्था रहेको छ? चर्चा गर्नुहोस्। **[३+७]**

• समाप्त •

LEARN • GROW • SUCCEED

प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश

प्रशासन सेवा, सामान्य प्रशासन समूह, पाँचौ तह, वरिष्ठ सहायक पदको

खुला प्रतियोगितात्मक लिखित परीक्षा

परीक्षा मिति: २०८३/०३/२१ **पत्र:** तृतीय

पूर्णाङ्क: १०० **विषय:** सेवा सम्बन्धी

समय: २ घण्टा ३० मिनेट

निम्न प्रश्नहरूको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नु पर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

MIRAS ACADEMY

खण्ड-क (अङ्क-५०)

1. समय व्यवस्थापन भन्नाले के बुझिन्छ? कुनै पनि सङ्गठनको व्यवस्थापकले समय व्यवस्थापन गर्दा ध्यान दिनुपर्ने मुख्य मुख्य कुराहरू के के हुन्? उल्लेख गर्नुहोस्। **[३+७]**
2. कर्मचारी प्रशासनमा कार्य विवरणको अवधारणा उल्लेख गर्नुहोस्। कार्य विवरणमा के के विषय उल्लेख गर्नुपर्छ? कार्य विवरण सम्पादनबाट नै मूल्याङ्कन गर्न के गर्नुपर्ला? धारणा स्पष्ट गर्नुहोस्। **[२+३+५]**
3. सरकारी आम्दानी र खर्चको अन्तिम लेखा परीक्षण किन गरिन्छ? संघ, प्रदेश र स्थानीय तहको सरकारी कार्यालयको आन्तरिक लेखा परीक्षण सम्बन्धमा के कस्तो व्यवस्था रहेको छ? स्पष्ट गर्नुहोस्। **[५+५]**
4. सार्वजनिक निकायमा अभिलेख व्यवस्थापनको आवश्यकता र महत्व उल्लेख गर्दै यसमा गरिनुपर्ने सुधारका सम्बन्धमा बुँदागत रूपमा सुझाव प्रस्तुत गर्नुहोस्। **[५+५]**
5. नागरिक बडापत्रको आवश्यकता र महत्व माथि प्रकाश पार्दै प्रविधियुक्त नागरिक बडापत्रमा उल्लेख हुनुपर्ने विषयहरू के के हुन्? उदाहरणसहित प्रस्तुत गर्नुहोस्। **[५+५]**

CONTACT
9851335414 / 15
LOCATION
CTC Mall 9th Floor ,
Sundhara Kathmandu

Loksewa Preparation || For Free Consultation Contact : 9851335414/9851335415 (Viber/Whatsapp/Call)

खण्ड-ख (अङ्क-५०)

6. स्थानीय तहको न्यायिक समितिको गठनका बारेमा उल्लेख गर्दै न्यायिक समितिले निरूपण गर्ने कुनै पाँच वटा विवादहरू उल्लेख गर्नुहोस्। **[५+५]**
7. उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार उपभोक्ताको हक हित सम्बन्धमा के कस्तो व्यवस्था गरिएको छ? सो व्यवस्थामा सुधारका लागि सुझाव समेत उल्लेख गर्नुहोस्। **[१०]**
8. मुलुकी देवानी संहिता, २०७४ अनुसार धर्मपुत्र वा धर्मपुत्री राख्ने सम्बन्धमा भएको व्यवस्था उल्लेख गर्नुहोस्। साथै कस्ता व्यक्तिलाई धर्मपुत्र वा धर्मपुत्रीको रूपमा लिन दिन हुँदैन? प्रस्ट पार्नुहोस्। **[५+५]**
9. बागमती प्रदेशको दोस्रो आवधिक योजनाको दीर्घकालीन सोच तथा लक्ष्य उल्लेख गर्दै यसका मुख्य मुख्य उद्देश्यहरूका सम्बन्धमा विवेचना गर्नुहोस्। **[३+७]**
10. अनुगमन भनेको के हो? बजेट कार्यान्वयनमा अनुगमनको के कस्तो भूमिका रहन्छ? प्रस्ट पार्नुहोस्। **[४+६]**

• समाप्त •

प्रदेश लोक सेवा आयोग

बागमती प्रदेश

प्रशासन सेवा, लेखा/आ.ले.प. समूह, पाँचौ तह, वरिष्ठ लेखा सहायक/वरिष्ठ लेखा परीक्षण सहायक पदको

खुला प्रतियोगितात्मक लिखित परीक्षा

परीक्षा मिति: २०८३/०३/२२ **पत्र:** तृतीय

पूर्णाङ्क: १०० **विषय:** सेवा सम्बन्धी

समय: २ घण्टा ३० मिनेट

निम्न प्रश्नहरूको उत्तर खण्ड अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नु पर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

खण्ड-क (अङ्क-५०)

1. बागमती प्रदेश सरकारको बजेट तर्जुमा प्रक्रियाबारे प्रकाश पार्नुहोस्। **[१०]**
2. आर्थिक प्रशासन व्यवस्थापनमा प्रदेश तथा स्थानीय तहमा प्रयोगमा रहेका सूचना प्रविधिको सूची उल्लेख गर्दै यसले आम्दानी र खर्च व्यवस्थापनमा के कस्तो प्रभाव पारेको छ? स्पष्ट पार्नुहोस्। **[४+६]**
3. रकमान्तर भनेको के हो? रकमान्तर गर्न किन आवश्यक पर्दछ? प्रचलित कानुन बमोजिम रकमान्तर गर्ने प्रक्रियाको बारेमा उल्लेख गर्नुहोस्। **[३+२+५]**

MIRAS ACADEMY
LEARN • GROW • SUCCEED
लोकसेवा तयारी | बैंकिङ तयारी | शिक्षक सेवा तयारी | संस्थान्न तयारी
CONTACT 9851335414/9851335415
LOCATION CTC Mall 9th Floor Sundhara Kathmandu
Loksewa Preparation || For Free Consultation Contact : 9851335414/9851335415 (Viber/Whatsapp/Call)

4. सार्वजनिक निकायमा जिन्सी व्यवस्थापन भन्नाले के बुझिन्छ? जिन्सीको लिलाम र मिन्हा सम्बन्धमा भएको कानुनी व्यवस्था बारे चर्चा गर्नुहोस्। **[३+७]**
5. सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार खरिद कार्यको तयारी तथा प्रारम्भिक चरणमा गर्नुपर्ने महत्वपूर्ण र ध्यान दिनुपर्ने विषयहरू के के हुन्? चर्चा गर्नुहोस्। **[१०]**

खण्ड-ख (अङ्क-५०)

6. नगदमा आधारित लेखा प्रणाली (Cash Based Accounting System) र प्रोधभावीमा आधारित लेखा प्रणाली (Accrual Based Accounting System) का विशेषताहरू उल्लेख गर्दै नेपालको सरकारी लेखा प्रणालीलाई प्रोधभावीमा आधारित लेखा प्रणालीमा रूपान्तरण गर्न के कस्ता तयारी र पूर्वाधार आवश्यक पर्ने देखिन्छ? लेख्नुहोस्। **[६+४]**
7. सार्वजनिक क्षेत्रको लेखामान (Public Sector Accounting Standard) भनेको के हो? यसका विशेषता र उद्देश्यहरू उल्लेख गर्नुहोस्। **[३+३+४]**
8. धरौटी रकमको लेखाङ्कन, फिर्ता तथा सदरस्याहा सम्बन्धी कानुनी व्यवस्था स्पष्ट पार्नुहोस्। **[१०]**
9. लेखापरीक्षणका प्रकारहरू बारे प्रकाश पार्दै आन्तरिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षण बिचको अन्तरसम्बन्ध बारे चर्चा गर्नुहोस्। **[५+५]**
10. महालेखा परीक्षकको काम, कर्तव्य र अधिकारहरू माथि प्रकाश पार्नुहोस्। **[१०]**

MIRAS ACADEMY
लोकसेवा तयारी
बैंकिङ तयारी
शिक्षक सेवा तयारी
संस्थान्न तयारी
CONTACT
9851335414 / 15
LOCATION
CTC Mall 9th Floor ,
Sundhara Kathmandu
Loksewa Preparation || For Free Consultation Contact : 9851335414/9851335415 (Viber/Whatsapp/Call)